# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पकडी,कपिलबस्तु
( ५ नं.प्रदेश, नेपाल)

वेवसाईट :www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

सूचना ! सूचना ! ! सूचना ! ! !

दोश्रो पटक प्रकाशित मिति :-२०७७।२।१७

**बिषय** :- स्वयंसेवक शिक्षक पदपूर्ति सम्बन्धमा ।

यस मायादेवी गाँउपालिका कपिलबस्तुको स्वयंसेवक शिक्षक ब्यवस्थापन कार्यबिधि २०७५ अनुसार सामुदायिक विद्यालयहरुमा शून्य दरबन्दी तथा उच्च विद्यार्थी शिक्षक अनुपातलाई परिपूर्ति गर्न खुला प्रतियोगितात्मक लिखित तथा अर्न्तवार्ता परीक्षाको माध्यमद्धारा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योग्य उम्मेदवारहरुले यस गाउँपालिकाबाट निर्धारित गरिएको दरखास्त फारम भरी र निर्धारित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले ७ (तीन) दिन भित्र दरखास्त पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| विज्ञापन नं. | तह र विषय | माग पद संख्या |
|---|---|---|
| १५/०७७/०७८ | प्राथमिक | ३ (तीन) |
| १६/०७७/०७८ | नि.मा.वि. कम्प्यूटर | १ (एक) |
| १७/०७७/०७८ | नि.मा.वि. अंग्रेजी | १ (एक) |
| १८/०७७/०७८ | नि.मा.वि. गणित/बिज्ञान | २ (दुई) |
| १९/०७७/०७८ | मा. वि. अंग्रेजी | १ (एक) |
| २०/०७७/०७८ | मा. वि. सामाजिक | १ (एक) |
| २१/०७७/०७८ | उ.मा.वि. अंग्रेजी | १ (एक) |

१. **उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

- **प्राथमिक तहको लागि :**

  क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा एस एल सी तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

  ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीण गरेको ।

संयोजक

➢ **निम्न माध्यमिक तहको लागि :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उर्त्तीण गरेको ।

➢ **माध्यमिक तहको लागि :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

➢ **उच्च माध्यमिक तहको लागि :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

➢ **अन्य आवश्यक कागजातहरु :**

क) स्थायी अध्यापन अनुमति पत्रको छायाप्रति ।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको छायाप्रति ।

ग) दरखास्त फारम बुझाउने अन्तिम मिति सम्ममा प्रा.वि. र नि.मा.वि तहको हकमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको र माध्यमिक तहको हकमा २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**२. उम्मेद्वारले अनिवार्य रुपले पेश गर्नु पर्ने कागजातहरु :**

क) गाउँपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फारम ।

ख) प्राथमिक तहको परीक्षा दस्तुर वापतको रकम कार्यालयको नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. ५००/- का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

ग) निम्नमाध्यमिक तहको परीक्षा दस्तुर वापतको रकम कार्यालयको नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. ७००/- का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

घ) माध्यमिक तहको परीक्षा दस्तुर वापतको रकम कार्यालयको नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. १०००/- का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

ङ) उच्च माध्यमिक तहको परीक्षा दस्तुर वापतको रकम कार्यालयको नगदी राजस्व रसिद एक मात्र विज्ञापनको लागि रु. १२००/- का दरले रकम जम्मा गरेको सक्कल रसिद ।

च) उम्मेदवार कार्यरत राहत, अस्थायी, करार र निजि स्रोतका शिक्षक भए नियुक्ति पत्र र सेवा अवधि प्रमाणित पत्र ।

छ) उम्मेद्वार स्थानीयवासी हो भनि वडा कार्यालयले प्रमाणित गरेको पत्र ।

संयोजक

➢ **पुनश्च :**

३. दरखास्त फारम साथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयम्ले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।

४. परीक्षाको किसिम: (क) लिखित परीक्षा (ख) अन्तवार्ता ( शिक्षक सेवा आयोग बाट लागू भएको नयाँ पाठ्यक्रम अनुसार )

५. दरखास्त फारम पेस गर्ने अन्तिम मिति : २०७७ चैत्र २३ गते कार्यालय समय सम्म ।

६. दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण गाउँपालिकाबाट हुनेछ ।

**७. लिखित परीक्षा हुने मिति समय र स्थान :** स्वयंसेवक शिक्षक छनौट समितिको निर्णय अनुसार सूचना जारी गरिने छ ।

८. अन्तरवार्ताको मिति, स्थान र समय : लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा मिति, समय र स्थान तोकिनेछ ।

९. सेवा सुबिधा : निर्वाह खर्च बापत प्रा वि तहको लागि रु १२०००।– ,नि. मा. वि. रु. १४,०००।–( चौधा हजार),मा. वि. रु. १७,०००।–(सत्रह हजार) र उच्च मा. वि. २०,०००।–(बीस हजार) मात्र उपलब्ध गराईने छ ।

१०. कार्यसम्पादनको आधारमा बजेट थप बिनियोजन भएमा म्याद थप हुन सक्ने छ ।

संयोजक

स्वयंसेवक शिक्षक छनौट समिति

संयोजक